नेपाल सरकार · अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौँ

अर्थ बुलेटिन

(आर्थिक वर्ष २०८२/८३ को वार्षिक तथ्याङ्कमा आधारित)।

वार्षिक अङ्क ७


वास्तविक कुल गार्हस्थ्य उत्पादन वृद्धिदर	कुल गार्हस्थ्य उत्पादन	औसत मुद्रास्फीति	प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन	विदेशी विनिमय सञ्चिति	विप्रेषण आप्रवाह
३.८५%	**रु. ६,६०० अर्ब**	**३.०७%**	**डलर १,५१३**	**रु. ३,८९८ अर्ब**	**रु. २,३६३ अर्ब**
आ.व. २०८२/८३ प्रा. · अघिल्लो वर्ष ४.४३%	अघिल्लो वर्षभन्दा ६.५% वृद्धि	दश वर्षकै न्यून औसत	प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय डलर २,०४४	४५.६% वृद्धि · कुल गार्हस्थ्य उत्पादनको ५९.१%	३७.१% वृद्धि · कुल गार्हस्थ्य उत्पादनको ३५.८%

वास्तविक क्षेत्र

कोभिडपछिको संकुचनपश्चात् आर्थिक वृद्धि करिब ४ प्रतिशतमा स्थिर


वास्तविक कुल गार्हस्थ्य उत्पादन वृद्धिदर

वार्षिक प्रतिशत परिवर्तन (उत्पादकको मूल्यमा)




क्षेत्रगत वृद्धिदर

आधारभूत मूल्यमा वार्षिक % परिवर्तन ■ कृषि ■ उद्योग ■ सेवा



प्रतिव्यक्ति आय

अमेरिकी डलरमा ■ कुल गार्हस्थ्य उत्पादन ■ कुल राष्ट्रिय खर्चयोग्य आय




बाह्य क्षेत्र

कुल गार्हस्थ्य उत्पादनको १२.५% चालु खाता घाटाबाट हालसम्मकै ठूलो बचततर्फ


चालु खाता तथा शोधनान्तर स्थिति

कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा ■ चालु खाता बचत ■ चालु खाता घाटा ■ शोधनान्तर




सञ्चिति र विप्रेषण

रु. अर्बमा ■ विदेशी विनिमय सञ्चिति ■ विप्रेषण



वस्तु व्यापार

रु. अर्बमा · आ.व. २०८२/८३ मा व्यापार घाटा रु. १,७८१ अर्ब ■ आयात ■ निर्यात




सार्वजनिक वित्त तथा मौद्रिक क्षेत्र

सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४५ प्रतिशतमाथि; पुँजीगत खर्च दशककै न्यून


तिर्न बाँकी सार्वजनिक ऋण

कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा ■ वैदेशिक ऋण ■ आन्तरिक ऋण




संघीय सरकारको खर्च

कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा ■ चालु खर्च ■ पुँजीगत खर्च



मुद्रा तथा कर्जा विस्तार

वार्षिक प्रतिशत परिवर्तन ■ विस्तृत मुद्राप्रदाय (एम२) ■ निजी क्षेत्रतर्फको कर्जा



आर्थिक वर्ष २०८२/८३ का प्रमुख झलकहरु

१. आर्थिक वर्ष २०८२/८३ मा वास्तविक कुल गार्हस्थ्य उत्पादन ३.८५ प्रतिशतले वृद्धि भई कुल गार्हस्थ्य उत्पादनको आकार रु. ६,६०० अर्ब पुगेको छ।

२. औसत उपभोक्ता मुद्रास्फीति ३.०७ प्रतिशतमा सीमित रहेको छ, जुन पछिल्लो दश वर्षकै न्यून औसत हो।

३. प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलर १,५१३ र प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय अमेरिकी डलर २,०४४ पुगेको छ।

४. विप्रेषण आप्रवाह ३७.१ प्रतिशतले वृद्धि भई रु. २,३६३ अर्ब पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ३५.८ प्रतिशत हुन आउँछ।

५. चालु खाता रु. ९२३.६ अर्ब (कुल गार्हस्थ्य उत्पादनको १३.९९ प्रतिशत) ले बचतमा रहेको छ, जुन हालसम्मकै उच्च बचत हो; शोधनान्तर स्थिति पनि रु. १,०२७ अर्बले बचतमा छ।

६. विदेशी विनिमय सञ्चिति ४५.६ प्रतिशतले वृद्धि भई रु. ३,८९८ अर्ब पुगेको छ, जसले कुल गार्हस्थ्य उत्पादनको ५९.१ प्रतिशत ओगटेको छ।

७. वस्तु निर्यात रु. ३१५ अर्ब र आयात रु. २,०९६ अर्ब रहँदा व्यापार घाटा रु. १,७८१ अर्ब पुगेको छ।

८. सरकारी राजस्व रु. १,२४१ अर्ब र संघीय सरकारको खर्च रु. १,५६१ अर्ब रहेको छ; संघीय बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको ६.६ प्रतिशत रहेको छ।

९. तिर्न बाँकी सार्वजनिक ऋण रु. २,९८२ अर्ब पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ४५.२ प्रतिशत हो; पुँजीगत खर्च भने कुल गार्हस्थ्य उत्पादनको २.९१ प्रतिशतमा सीमित छ।

१०. विस्तृत मुद्राप्रदाय (एम२) १३.४ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा ६.६ प्रतिशतले विस्तार भएको छ; अमेरिकी डलरसँगको औसत खरिद विनिमय दर रु. १४५.३२ रहेको छ।

विश्व एवम् दक्षिण एसियाली आर्थिक स्थिति

१. सन् २०२४ र सन् २०२५ मा औसत ३.५ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२६ मा ३.० प्रतिशत र सन् २०२७ मा ३.४ प्रतिशतले विस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोष (विश्व आर्थिक परिदृश्य अद्यावधिक, जुलाई २०२६) को प्रक्षेपण छ। मध्यपूर्वको युद्धका कारण ऊर्जा आयातकर्ता मुलुकहरूमा चाप परेको तथा सन् २०२४ को प्रारम्भदेखिको विश्वव्यापी मुद्रास्फीति घट्ने क्रम रोकिएको कोषको विश्लेषण छ।

२. विश्व बैंकको प्रक्षेपण (ग्लोबल इकोनोमिक प्रस्पेक्ट्स, जुन २०२६) अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको अर्थतन्त्र २.३ प्रतिशतले मात्र विस्तार हुने अनुमान गरिएकोमा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमानले ३.८५ प्रतिशतको वृद्धि देखाएको छ। आर्थिक वर्ष २०८३/८४ मा नेपालको अर्थतन्त्र ४.२ प्रतिशतले विस्तार हुने विश्व बैंकको प्रक्षेपण छ। यद्यपि, भोटेकोशी बाढीले सिर्जित विषम परिस्थिति पश्चात् नेपालको अर्थतन्त्रको विस्तार प्रभावित हुने अनुमान छ।

३. मध्यपूर्वको युद्धबाट सिर्जित उच्च ऊर्जा मूल्य र अनिश्चितताका कारण जुन २०२६ मा विश्व बैंकले भारतबाहेकका दक्षिण एसियाली मुलुकको सन् २०२६ को औसत वृद्धिदर प्रक्षेपण करिब ४.० प्रतिशतमा घटाएको छ।

तालिका (१): कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)


देश/क्षेत्र	२०२४	२०२५ (अनुमानित)	२०२६ (प्रक्षेपित)
माल्दिभ्स	३.५	५.७	०.७
श्रीलङ्का	५.०	५.०	३.६
बङ्गलादेश	४.२	३.५	३.८
भुटान	६.१	८.१	७.१
भारत	७.१	७.७	६.६
नेपाल	३.७	४.६	२.३
दक्षिण एसिया	६.८	७.०	६.३
विश्व	२.९	२.९	२.५

स्रोतः विश्व बैंक, जनवरी २०२६

४. सन् २०२६ मा सार्क क्षेत्रका मुलुकमध्ये भुटानको आर्थिक वृद्धिदर सबैभन्दा बढी रहने प्रक्षेपण छ। दक्षिण एसियाली मुलुकको औसत आर्थिक वृद्धिदर ६.३ प्रतिशत रहने प्रक्षेपण छ। भारतबाहेक अन्य दक्षिण एसियाली मुलुकको औसत आर्थिक वृद्धिदर सन् २०२६ मा

करिब ४.० प्रतिशत रहने प्रक्षेपण छ, जुन जनवरी २०२६ को प्रक्षेपणभन्दा करिब १ प्रतिशत बिन्दुले कम हो।

चार्ट (१) : कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत)




स्रोतः विश्व बैंक, २०२६

५. सन् २००० देखि सन् २०२५ सम्म बंगलादेश, चीन, भारत र नेपालको आर्थिक वृद्धिको प्रवृत्ति विश्लेषण गर्दा नेपालको औसत आर्थिक वृद्धि सबैभन्दा कम ४.४ प्रतिशत र चीनको सबैभन्दा बढी ८.८ प्रतिशत रहेको छ। यस अवधिमा भारत र बंगलादेशको औसत आर्थिक वृद्धि क्रमशः ६.० प्रतिशत र ५.६ प्रतिशत रहेको छ। सन् २०२० मा कोभिड महामारीको कारण भारत र नेपालको अर्थतन्त्र बढी प्रभावित भएको थियो।

६. सन् २००० देखि सन् २०२५ सम्मको औसत लगानीको अवस्थालाई हेर्दा कुल गार्हस्थ्य उत्पादनमा स्थिर लगानीको अनुपात चीनको सबैभन्दा बढी ४०.३१ प्रतिशत र नेपालको सबैभन्दा कम २४.५४ प्रतिशत रहेको छ। बंगलादेश र भारतको सन्दर्भमा यस्तो अनुपात क्रमशः २८.०८ प्रतिशत र ३०.९२ प्रतिशत रहेको छ।


चार्ट (२) : कुल स्थिर लगानी (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)



स्रोतः विश्व बैंक, २०२६

७. सन् २००० देखि सन् २०२५ सम्मको औसत उपभोग खर्चको अवस्था दृष्टिगत गर्दा नेपालको सबैभन्दा बढी अर्थात कुल गार्हस्थ्य उत्पादनको ९०.५६ प्रतिशत र चीनको सबैभन्दा कम ५४.९५ प्रतिशत रहेको छ। बंगलादेश र भारतको यस्तो अनुपात क्रमशः ७७.२५ प्रतिशत र ६९.३२ प्रतिशत रहेको छ।

चार्ट (३) : कुल उपभोग खर्च (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)




स्रोतः विश्व बैंक, २०२६

राष्ट्रिय अर्थतन्त्र

८. पछिल्लो दशक (आ.व. २०७३/७४—२०८२/८३) मा औसत ४.५ प्रतिशतको आर्थिक वृद्धि हासिल भए पनि कोभिडअघिका तीन वर्षको ७.८ प्रतिशतको तुलनामा पछिल्ला पाँच वर्षको वृद्धि ३.९ प्रतिशतमा खुम्चिएको छ। मुद्रास्फीति दशकभर औसत ५ प्रतिशतको हाराहारीमा रहेको छ। २०८३ भदौको भोटेकोशी—त्रिशूली बाढीले ४३१ मेगावाट विद्युत उत्पादन (जडित क्षमताको करिब १० प्रतिशत), पर्यटन र पूर्वाधारमा क्षति पुऱ्याई कुल गार्हस्थ्य उत्पादनको करिब ११ प्रतिशत बराबर (रु.७ खर्ब २३ अर्ब) पुनर्निर्माण आवश्यकता सिर्जना गरेको छ। बजेटको ७ प्रतिशत लक्ष्यविपरीत आर्थिक वर्ष २०८३/८४ मा नेपालको आर्थिक वृद्धि ३.५ देखि ४.० प्रतिशत (विश्व बैंक ३.७, एसियाली विकास बैंक ४.१) र औसत मुद्रास्फीति वार्षिक लक्ष्य भित्रै रहने प्रारम्भिक प्रक्षेपण छ।

९. आर्थिक वर्ष २०८२/८३ मा नेपालको अर्थतन्त्र ३.८५ प्रतिशतले विस्तार हुने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा नेपालको अर्थतन्त्र ४.४३ प्रतिशतले विस्तार भएको अनुमान छ। विगत दश वर्षको नेपालको औसत आर्थिक वृद्धिदर ४.५३ प्रतिशत रहेको छ।


चार्ट (४) : पछिल्लो दशकको आर्थिक वृद्धिको प्रवृत्ति (प्रतिशतमा)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३

१०. कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान आर्थिक वर्ष २०८१/८२ मा २४.५० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा २४.०३ प्रतिशत रहेको अनुमान छ। उक्त आर्थिक वर्षमा गैरकृषि क्षेत्रको योगदान ७५.५० प्रतिशतबाट ७५.९७ प्रतिशत पुगेको छ।

चार्ट (५) : पछिल्लो दशकको कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३


११. आर्थिक वर्ष २०८२/८३ मा उद्योग क्षेत्रको योगदान अघिल्लो वर्षको १३.७० प्रतिशतबाट बढेर १४.१६ प्रतिशत पुगेको छ भने सेवा क्षेत्रको योगदान ६१.८१ प्रतिशतमा लगभग स्थिर रहेको छ। कृषि क्षेत्रको योगदान भने घटेको छ।

१२. पछिल्लो दशकमा मुलुकको औसत आर्थिक वृद्धिदर ४.५३ प्रतिशत रहेको छ। यस अवधिमा कृषि क्षेत्रको औसत वृद्धिदर ३.१३ प्रतिशत र गैरकृषि क्षेत्रको ४.८० प्रतिशत रहेको छ।

बचत र लगानी

१३. पछिल्लो दशकमा कुल गार्हस्थ्य बचत प्रायः न्यून रहेको छ। कोभिड–१९ महामारीलगायत विभिन्न आर्थिक प्रभावका कारण कुल गार्हस्थ्य बचत तथा कुल राष्ट्रिय बचतमा समेत उतारचढाव देखिएको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनको ६.९ प्रतिशत रहेको कुल गार्हस्थ्य बचत आर्थिक वर्ष २०८२/८३ मा २.८ प्रतिशत बिन्दुले वृद्धि भई ९.७ प्रतिशत पुग्ने अनुमान गरिएको छ।

चार्ट(६) : पछिल्लो दशकको बचत र लगानीको स्थिति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३

१४. कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आर्थिक वर्ष २०८१/८२ को ३८.३९ प्रतिशतबाट बढेर आर्थिक वर्ष २०८२/८३ मा ४४.७७ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशकमा कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचतको वार्षिक औसत क्रमशः ९.२ प्रतिशत र ३७.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा कुल लगानी १५.६ प्रतिशतले वृद्धि भई रु. २१ खर्ब ७ अर्ब ९० करोड पुग्ने अनुमान गरिएको छ भने पछिल्लो दशकमा कुल लगानी कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत ३४.२६ प्रतिशत रहेको छ।

समग्र मूल्यस्थिति

१५. उपभोक्ता मुद्रास्फीति बजेटले लिएको सीमाभित्र रही मूल्य स्थिरता कायम भएको छ। आर्थिक वर्ष २०८२/८३ मा औसत उपभोक्ता मुद्रास्फीति ३.०७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ४.०६ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको औसत मुद्रास्फीति १.०४ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको ४.२१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा वार्षिक औसत थोक मुद्रास्फीति ४.२७ प्रतिशत रहेको छ; अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ३.८४ प्रतिशत रहेको थियो। वार्षिक औसत तलब तथा ज्यालादर सूचकाङ्क ५.७९ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो वृद्धिदर २.८५ प्रतिशत रहेको थियो।


चार्ट (७) : पछिल्लो दशकको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति (वार्षिक औसत-प्रतिशतमा)



स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

१६. वार्षिक बिन्दुगत आधारमा २०८३ असार महिनामा उपभोक्ता मुद्रास्फीति ५.१४ प्रतिशत रहेको छ। यस महिनामा खाद्य तथा पेय पदार्थतर्फको उपभोक्ता मुद्रास्फीति ५.२५ प्रतिशत र गैरखाद्य तथा सेवा क्षेत्रको ५.०८ प्रतिशत रहेको छ। मासिकरुपमा उपभोक्ता मुद्रास्फीति दर २०८३ असारमा सबैभन्दा बढी ५.१४ प्रतिशत र २०८२ कात्तिकमा सबैभन्दा कम -३.३२ प्रतिशत रहेको छ।


चार्ट (८) : आर्थिक वर्ष २०८२/८३ को मासिकरुपमा उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति (प्रतिशत)



स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

१७. विगतका आर्थिक वर्षमा मासिक उपभोक्ता मुद्रास्फीति क्रमशः घट्दो क्रममा रहे तापनि आर्थिक वर्ष २०८२/८३ मा भने यस्तो मुद्रास्फीति क्रमशः बढ्दो क्रममा रहेको छ। २०८२ साउन महिनामा १.६९ प्रतिशत रहेको उपभोक्ता मुद्रास्फीति २०८३ असारमा ५.१४ प्रतिशत पुगेको छ।

चार्ट (८) : विगत तीन आर्थिक वर्षको मासिक उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति
(प्रतिशत)



स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

सार्वजनिक वित्त

१८. पछिल्लो दशकमा राजस्व-कुल गार्हस्थ्य उत्पादन अनुपात आ.व. २०७५/७६ र २०७७/७८ को २१.५ प्रतिशतको उचाइबाट २०८२/८३ मा १८.८ प्रतिशतमा झरेको छ, पुँजीगत खर्च- कुल गार्हस्थ्य उत्पादन २०७४/७५ को ७.८ प्रतिशतबाट २.९ प्रतिशतमा खुम्चिएको छ र सार्वजनिक ऋण उक्त दशकमा २२.७ बाट ४५.२ प्रतिशत पुगी दोब्बर भएको छ। भोटेकोशी बाढीपछिको राहत तथा पुनर्निर्माण बजेटको एक तिहाइभन्दा बढी हुने अनुमानले खर्चको दायित्व बढाउने र रसुवा—तातोपानी नाका बन्द तथा कर छुट लगायतका प्रावधानले राजस्वमा क्षति पुग्ने भएकाले चालु वर्षमा स्रोतमा थप चाप पर्ने देखिन्छ।

१९. आर्थिक वर्ष २०८२/८३ मा सार्वजनिक वित्तका परिसूचकको मिश्रित अवस्था रहेको छ। राजस्व परिचालन ५.२१ प्रतिशतले बढेको छ। कुल संघीय खर्च ३.१८ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ मा चालु तथा वित्तीय व्यवस्थातर्फको खर्चमा क्रमशः ६.१८ प्रतिशत र ६.३६ प्रतिशतले वृद्धि भएको भए तापनि पुँजीगत खर्चमा १४.३३ प्रतिशतले कमी आएको छ।

२०. आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारले कुल रु. १२ खर्ब ४१ अर्ब ३३ करोड राजस्व सङ्कलन गरेको छ। उक्त राजस्व अघिल्लो आर्थिक वर्षको तुलनामा ५.२१ प्रतिशतले बढी हो। त्यस्तै उक्त आर्थिक वर्षमा संघीय सरकारको खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा ३.१८ प्रतिशतले वृद्धि भई रु. १५ खर्ब ६१ अर्ब ४२ करोड पुगेको छ। कुल खर्चमा चालु, पुँजीगत र वित्तीय व्यवस्था तर्फको खर्चको हिस्सा क्रमशः ६५.०५ प्रतिशत, १२.२९ प्रतिशत र २२.६६ प्रतिशत रहेको छ।

२१. कुल सार्वजनिक ऋण परिचालन ४.०६ प्रतिशतले बढेको छ। आन्तरिक ऋण लक्ष्यको ९८.९२ प्रतिशत परिचालन भएको भए तापनि वैदेशिक ऋण लक्ष्यको ४९.८३ प्रतिशत मात्र प्राप्त भएको छ। २०८३ असार मसान्तमा तिर्न बाँकी सार्वजनिक ऋण रु. २९ खर्ब ८१ अर्ब ७० करोड अर्थात् कुल गार्हस्थ्य उत्पादनको ४५.१८ प्रतिशत पुगेको छ। कुल संघीय खर्च तथा राजस्व सङ्कलन दुवै बढेको अवस्थामा बजेट घाटा ४.०० प्रतिशतले घटेको छ।

तालिकाः (२) विगत पाँच आर्थिक वर्षको सार्वजनिक वित्तका परिसूचक (रु. अर्बमा)

विवरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३ #
संघीय खर्च	१३१०.००	१४२१.३३	१३९३.४०	१५१३.२५	१५६१.४२
चालु खर्च	९५४.३२	९९१.५१	९२९.१३	९५६.५९	१०१५.६९
पुँजीगत खर्च	२१६.२१	२३४.६२	१९२.०३	२२३.९८	१९१.८८
वित्तीय व्यवस्था	१३९.४७	१९५.२०	२७२.२५	३३२.६८	३५३.८५
राजस्व परिचालन	१०६६.३५	९५७.३५	१०५८.९०	११७९.८२	१२४१.३३
संघीय राजस्व परिचालन	९३८.२८	८३४.०६	९२९.०५	१०३२.३९	१०८४.३३

विवरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३ #
कर राजस्व	८५९.१३	७४८.४२	८२०.७०	९१०.७३	९६६.२९
गैरकर राजस्व	७९.१५	८५.६४	१०८.३५	१२१.६७	११८.०३
वैदेशिक अनुदान	२४.१५	२३.०१	२४.०१	२९.६५	३२.८४
नगद मौज्दात र बेरुजु	४८.५०	५३.३०	२३.८५	१७.३८	८.०६
आन्तरिक ऋण लगानी फिर्ता	२.९४	११.८१	७.२६	२.६३	२.६८
कुल संघीय आय	१०१३.८७	९२२.१८	९८४.१७	१०८२.०५	११२७.९१
बजेट +बचत/-घाटा	-२९६.१३	-४९९.१५	-४०९.२३	-४३१.२०	-४३३.५१
तिर्न बाँकी खुद सार्वजनिक ऋण	२०१३.३०	२३०१.५९	२४३८.५०	२६७४.०५	२९८१.७०
आन्तरिक	९८७.४५	११२९.१०	११८०.९०	१२६८.२२	१३७५.४२
बाह्य	१०२५.८५	११७२.४९	१२५७.६०	१४०५.८२	१६०६.२९
व्याज भुक्तानी	४५.२३	७२.८९	८२.१०	७०.४५	७४.४३
प्रदेश र स्थानीयतहलाई राजस्व बाँडफाँट	१२८.०७	११७.२१	१२३.८८	१३९.१९	१५७.००
संघीय वित्त सन्तुलन- बचत (+)/घाटा (-)	-१५९.६०	-३०९.६८	-१३८.२७	-९२.९१	-८२.३४
संघीय प्राथमिक सन्तुलन बचत (+)/घाटा (-)	-११४.३८	-२३६.७९	-५६.१७	-२२.४७	-७.९१
राजस्व सन्तुलन बचत (+)/घाटा (-)	-१६.०४	-१५७.४५	-०.०८	७५.८०	६८.६४

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३
#अनुमानित

२२. आर्थिक वर्ष २०८२/८३ मा कुल संघीय खर्च कुल गार्हस्थ्य उत्पादनको २३.६६ प्रतिशत र संघीय सरकारको कुल राजस्व परिचालन कुल गार्हस्थ्य उत्पादनको १८.८१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त हिस्सा क्रमशः २४.४१ प्रतिशत र १९.०३ प्रतिशत रहेको थियो।

२३. विगत पाँच आर्थिक वर्षको कुल संघीय खर्च कुल गार्हस्थ्य उत्पादनको औसत २५.०१ प्रतिशत र संघीय सरकारको कुल राजस्व परिचालन १९.१० प्रतिशत रहेको छ। पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको २.९१ प्रतिशतमा झरेको छ, जुन पछिल्लो पाँच आर्थिक वर्षकै न्यून हो।

२४. आर्थिक वर्ष २०८२/८३ मा कुल संघीय आय कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १९.४७ प्रतिशत रहेको छ। तिर्न बाँकी खुद सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ४५.१८ प्रतिशत रहेको छ, जसमध्ये आन्तरिक ऋण २०.८४ प्रतिशत र बाह्य ऋण २४.३४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४३.१३ प्रतिशत रहेको थियो।

तालिका (३) : सार्वजनिक वित्तका परिसूचकहरु (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)

विवरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३#
संघीय खर्च	२६.३२	२६.४८	२४.१९	२४.४१	२३.६६
चालु खर्च	१९.१८	१८.४७	१६.१३	१५.४३	१५.३९
पुँजीगत खर्च	४.३४	४.३७	३.३३	३.६१	२.९१
वित्तीय व्यवस्था	२.८०	३.६४	४.७३	५.३७	५.३६


विवरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३#
राजस्व परिचालन	२१.४३	१७.८४	१८.३८	१९.०३	१८.८१
संघीय राजस्व परिचालन	१८.८५	१५.५४	१६.१३	१६.६५	१६.४३
कर राजस्व	१७.२६	१३.९४	१४.२५	१४.६९	१४.६४
गैरकर राजस्व	१.५९	१.६०	१.८८	१.९६	१.७९
वैदेशिक अनुदान	०.४९	०.४३	०.४२	०.४८	०.५०
नगद मौज्दात र बेरुजु	०.९७	०.९९	०.४१	०.२८	०.१२
आन्तरिक ऋण लगानी फिर्ता	०.०६	०.२२	०.१३	०.०४	०.०४
कुल संघीय आय	२०.३७	१७.१८	१७.०९	१७.४५	१७.०९
बजेट +बचत/-घाटा	-५.९५	-९.३०	-७.१०	-६.९५	-६.५७
तिर्न बाँकी खुद सार्वजनिक ऋण	४०.४६	४२.८८	४२.३३	४३.१३	४५.१८
आन्तरिक	१९.८४	२१.०४	२०.५०	२०.४६	२०.८४
बाह्य	२०.६१	२१.८५	२१.८३	२२.६८	२४.३४
व्याज भुक्तानी	०.९१	१.३६	१.४३	१.१४	१.१३
प्रदेश र स्थानीयतहलाई राजस्व बाँडफाँट	२.५७	२.१८	२.१५	२.२५	२.३८
संघीय वित्त सन्तुलन बचत (+)/घाटा (-)	-३.२१	-५.७७	-२.४०	-१.५०	-१.२५
संघीय प्राथमिक सन्तुलन बचत (+)/घाटा (-)	-२.३०	-४.४१	-०.९८	-०.३६	-०.१२
राजस्व सन्तुलन बचत (+)/घाटा (-)	-०.३२	-२.९३	०.००	१.२२	१.०४

स्रोतः महालेखा नियन्त्रक कार्यालय/नेपाल राष्ट्र बैंक/राष्ट्रिय तथ्याङ्क कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३

बजेट सन्तुलन

२५. आर्थिक वर्ष २०८२/८३ मा राजस्व सङ्कलन ५.२१ प्रतिशतले बढेको र कुल संघीय खर्च ३.१८ प्रतिशत मात्र बढेकाले बजेट घाटा रु. ३ खर्ब २० अर्ब ९ करोड अर्थात् कुल गार्हस्थ्य उत्पादनको ४.८५ प्रतिशतमा सीमित भएको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो घाटा रु. ३ खर्ब ३३ अर्ब ४३ करोड (५.३८ प्रतिशत) रहेको थियो। वैदेशिक अनुदान र अन्य प्राप्तिसमेत गणना गर्दा कुल संघीय आय र खर्चबीचको अन्तर रु. २ खर्ब ७६ अर्ब ५२ करोड कायम भएको छ। बजेट घाटा घटे तापनि पुँजीगत खर्चमा आएको उल्लेख्य कमीले खर्चको गुणस्तरमा भने दबाब देखिएको छ।


चार्ट (९) : पछिल्लो पाँच वर्षको आय, खर्च र बजेट सन्तुलनको स्थिति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोतः अर्थ मन्त्रालय / महालेखा नियन्त्रक कार्यालय, २०८३

२६. पछिल्लो ५ आर्थिक वर्षमा विनियोजित पुँजीगत बजेटको औसत ५८.५ प्रतिशत मात्र खर्च भएको छ। आर्थिक वर्ष २०८२/८३ मा विनियोजित पुँजीगत बजेटको ४७.०४ प्रतिशत मात्र खर्च भएको छ, जुन पछिल्लो पाँच आर्थिक वर्षकै न्यून हो। कुल विनियोजित बजेटको खर्च भने ७९.५० प्रतिशत र पछिल्लो पाँच आर्थिक वर्षको औसत ८०.१ प्रतिशत रहेको छ।

चार्ट (१०) : पछिल्लो पाँच आर्थिक वर्षको सार्वजनिक खर्च उपयोगको स्थिति (विनियोजित बजेटको प्रतिशत)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८३

२७. आर्थिक वर्षको अन्त्यतिर खर्च भुक्तानी अधिकेन्द्रित हुने गरेको छ। खर्च भुक्तानीको दृष्टिले सबैभन्दा बढी अन्तिम त्रयमास र सबैभन्दा कम पहिलो त्रयमासमा हुने गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा अन्तिम त्रयमासमा ३२.१२ प्रतिशत खर्च भुक्तानी भएको छ, जुन अघिल्लो आर्थिक वर्षको ३४.४४ प्रतिशतभन्दा कम हो। सोही वर्षको पहिलो त्रयमासमा २३.३५ प्रतिशत खर्च भुक्तानी भई पछिल्ला वर्षमध्ये सबैभन्दा उच्च रहेको छ। असार महिनामा मात्र कुल खर्चको १३.७६ प्रतिशत भुक्तानी भएको छ।

तालिका (४) : मासिक संघीय सरकारी खर्चको भुक्तानी स्थिति (प्रतिशत)

महिना	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८२/८३
साउन	०.१७	०.८	१.५७	२.४९	२.९७
भदौ	५.६४	६.०६	७.८९	७.०५	८.५७
असोज	११.२२	११.०४	१०.१२	१०.३८	११.८१
पहिलो त्रयमास	१७.०३	१७.९	१९.५७	१९.९२	२३.३५
कात्तिक	५.७६	४.०५	५.१२	५.३३	६.६८
मङ्सिर	५.०३	७.६	५.९३	६.९१	६.१२
पुष	७.३९	९.१३	९.९३	८.५६	८.०५
दोस्रो त्रयमास	१८.१८	२०.७८	२०.९८	२०.८	२०.८५
माघ	७.१३	६.४४	६.४२	८.०३	७.१२
फागुन	६.०८	६.४३	७.८५	८.१५	८.०२
चैत	१०.०५	९.०८	११.५३	७.६५	८.५४
तेस्रो त्रयमास	२३.२६	२१.९५	२५.८	२३.८३	२३.६८
वैशाख	११.३७	८.७५	७.३७	१०.४७	७.२७
जेठ	७.७९	९.६८	९.०३	८.६७	११.०९
असार	२२.३६	२०.९५	१७.२६	१६.३	१३.७६
अन्तिम त्रयमास	४१.५३	३९.३७	३३.६५	३५.४५	३२.१२
जम्मा	**१००**	**१००**	**१००**	**१००**	**१००.००**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८३

२८. आर्थिक वर्षको अन्त्यमा मात्र पुँजीगत खर्च हुने प्रवृत्ति कायमै छ। आर्थिक वर्ष २०८२/८३ को पुँजीगत खर्चको कुल भुक्तानीमध्ये पहिलो त्रयमासमा १०.०० प्रतिशत मात्र भुक्तानी भएको छ भने असार महिनामा मात्र ३०.८६ प्रतिशत रकम भुक्तानी भएको छ। उक्त वर्षको अन्तिम त्रयमासमा यस्तो भुक्तानी ४९.८६ प्रतिशत रहेको छ। पछिल्लो पाँच आर्थिक वर्षको अन्तिम त्रयमासमा औसत पुँजीगत खर्च ५१.७९ प्रतिशत रहेको छ।

तालिका (५) : मासिक पुँजीगत खर्चको भुक्तानी स्थिति (प्रतिशतमा)


महिना	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८२/८३
साउन	०.०६	०.४३	०.६३	०.४३	०.३८
भदौ	१.५८	०.७७	१.८७	३.८३	२.९३
असोज	४.९३	५.६८	५.९१	५.०४	६.६९
पहिलो त्रयमास	**६.५७**	**६.८९**	**८.४२**	**९.३**	**१०.००**
कात्तिक	६.२९	२.७३	२.८३	६.३४	३.१९
मंसिर	२.८४	३.५२	३.२९	३.१७	४.४६
पुष	६.५	१०.३६	८.३३	७.५१	८.१०
दोस्रो त्रयमास	**१५.६४**	**१६.६१**	**१४.४५**	**१७.०१**	**१५.७६**
माघ	५.३३	४.६२	५.४९	६.८५	७.४५
फागुन	७.३६	७.५७	७.६९	९.२	७.६९
चैत	११.३५	१२.३२	९.८४	८.४३	९.२३
तेस्रो त्रयमास	**२४.०४**	**२४.५१**	**२३.०२**	**२४.४८**	**२४.३७**
वैशाख	८.७६	६.७	७.८९	७.५७	९.२०
जेठ	७.५२	९.११	११.७२	११.४४	९.८१
असार	३७.४७	३६.१९	३४.४९	३०.२	३०.८६
अन्तिम त्रयमास	**५३.७५**	**५२.०**	**५४.११**	**४९.२१**	**४९.८६**
जम्मा	**१००**	**१००**	**१००**	**१००**	**१००.००**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८३

२९. पछिल्ला वर्षमा कुल संघीय खर्चमा वित्तीय व्यवस्था तर्फको खर्चको हिस्सा बढेको छ। आर्थिक वर्ष २०८२/८३ मा कुल संघीय सरकारी खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अनुपात क्रमशः ६५.०५ प्रतिशत, १२.२९ प्रतिशत र २२.६६ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष २०८१/८२ मा यस्तो अनुपात क्रमशः ६३.२१ प्रतिशत, १४.८० प्रतिशत र २१.९८ प्रतिशत रहेको थियो।

३०. पुँजीगत खर्चको हिस्सा पछिल्लो चौध आर्थिक वर्षकै न्यून रहेको छ। संघ सरकारबाट प्रदेश तथा स्थानीय तहमा दिइने अनुदान पनि चालु खर्चमा नै गणना हुने हुँदा संघीय सरकारको चालु खर्च अधिक देखिएको हो भने सार्वजनिक ऋणको सावाँ भुक्तानी रकममा वृद्धि हुँदै गएकाले वित्तीय व्यवस्था तर्फको खर्चको अनुपातमा वृद्धि भएको हो।


चार्ट (११): संघीय खर्च संरचना (संघीय खर्चको प्रतिशत)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८३।

३१. आर्थिक वर्ष २०८१/८२ मा संघ, प्रदेश र स्थानीय तहको खुद खर्च (एकीकृत खर्च) ८.२ प्रतिशतले वृद्धि भई रु. १७ खर्ब ७५ अर्ब ४७ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा उक्त खर्च रु. १६ खर्ब ४० अर्ब ६८ करोड रहेको थियो। आर्थिक वर्ष २०८१/८२ को एकीकृत खर्चमध्ये चालु खर्च ५३.३ प्रतिशत, पुँजीगत खर्च २८.० प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च १८.८ प्रतिशत रहेको छ भने तहगत रूपमा संघ, प्रदेश र स्थानीय तहको हिस्सा क्रमशः ६५.६, ९.८ र २४.६ प्रतिशत रहेको छ।

चार्ट (१२) : तीन तहका सरकारको खर्च स्थिति (एकिकृत खर्चको प्रतिशत)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२ (आर्थिक सर्वेक्षण २०८२/८३)

राजस्व परिचालन

३२. राजस्व परिचालनमा वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ मा राजस्व सङ्कलन ५.२१ प्रतिशतले बढेर रु. १२ खर्ब ४१ अर्ब ३३ करोड पुगेको छ। यस अवधिमा सङ्कलित राजस्वमध्ये कर राजस्व र गैरकर राजस्वको हिस्सा क्रमशः ९०.५ प्रतिशत र ९.५ प्रतिशत रहेको छ। उक्त आर्थिक वर्षमा सङ्कलित राजस्व लक्ष्यको ८३.८७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो सङ्कलन लक्ष्यको ८३.१३ प्रतिशत रहेको थियो।

३३. आर्थिक वर्ष २०८२/८३ मा ब्याज कर, गैरकर राजस्व र अन्य प्राप्ति बाहेकका सबै समूह र उपसमूहमा सङ्कलित राजस्व बढेको छ। ब्याज कर १३.६० प्रतिशत, गैरकर राजस्व ९.१४ प्रतिशत र अन्य प्राप्ति ५३.६६ प्रतिशतले घटेको छ। न्यून ब्याजदर, सार्वजनिक संस्थानको कमजोर मुनाफा क्षमता लगायतका कारण ब्याज कर, गैरकर राजस्व र अन्य प्राप्ति सङ्कलनमा कमी आएको हो। यस अवधिमा पैठारीमा आधारित मूल्य अभिवृद्धि कर १३.१९ प्रतिशत र आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क १०.४५ प्रतिशतले बढेको छ।

३४. आर्थिक वर्ष २०८२/८३ को सङ्कलित कर राजस्वमध्ये भन्सार विन्दुमा सङ्कलित कर राजस्वको अंश ४५.६ प्रतिशत र आन्तरिकतर्फको कर राजस्वको अंश ५४.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अंश क्रमशः ४५.० प्रतिशत र ५५.० प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८२/८३ को भन्सार विभाग तर्फको राजस्व सङ्कलन ८.१८ प्रतिशत र आन्तरिक राजस्व विभाग तर्फको राजस्व सङ्कलन ५.६४ प्रतिशतले बढेको छ।

तालिका (६): पछिल्लो दुई आर्थिक वर्षको मासिक राजस्व परिचालनको स्थिति (रू.करोड)

महिना	२०८१/८२				२०८२/८३			
	कर राजस्व	गैरकर राजस्व	कुल राजस्व	कुल राजस्वको प्रतिशतमा	कर राजस्व	गैरकर राजस्व	कुल राजस्व	कुल राजस्वको प्रतिशतमा
साउन	७७.४१	१७.३३	९४.७४	८.०३	८०.६७	३.८०	८४.४७	६.८०
भदौ	६७.७८	३.८६	७१.६४	६.०७	६९.७३	३.३४	७३.०७	५.८९
असोज	७४.४९	७.३८	८१.८७	६.९४	८३.९३	७.५९	९१.५२	७.३७
कात्तिक	७०.२२	४.७६	७४.९८	६.३६	७२.५६	४.९३	७७.५०	६.२४
मङ्सिर	७२.६८	३.६८	७६.३६	६.४७	७५.३४	४.४१	७९.७५	६.४२
पुस	१२६.८२	३३.१९	१६०.०१	१३.५६	१३३.८८	३७.२१	१७१.१०	१३.७८
माघ	७६.२४	७.००	८३.२५	७.०६	८३.२०	४.४३	८७.६३	७.०६
फागुन	७३.१६	४.३४	७७.४९	६.५७	७७.२७	४.९८	८२.२६	६.६३
चैत	१०५.३४	५.६९	१११.०२	९.४१	१२२.१९	१६.८२	१३९.००	११.२०
बैशाख	८४.८०	६.२५	९१.०६	७.७२	९४.७९	७.४८	१०२.२७	८.२४
जेठ	८९.०६	४.५९	९३.६५	७.९४	८७.७९	४.९७	९२.७६	७.४७

महिना	२०८१/८२				२०८२/८३			
	कर राजस्व	गैरकर राजस्व	कुल राजस्व	कुल राजस्वको प्रतिशतमा	कर राजस्व	गैरकर राजस्व	कुल राजस्व	कुल राजस्वको प्रतिशतमा
असार	१३१.९२	३१.८३	१६३.७५	१३.८८	१४१.९४	१८.०७	१६०.०२	१२.८९
जम्मा	१०४९.९२	१२९.९०	११७९.८२	१००.००	११२३.२९	११८.०३	१२४१.३३	१००

स्रोतः महालेखा नियन्त्रक कार्यालय/अर्थ बुलेटिन, २०८३

३५. आर्थिक वर्ष २०८२/८३ मा सङ्कलित कुल राजस्वमध्ये पुस महिनामा सबैभन्दा बढी १३.७८ प्रतिशत र भदौ महिनामा सबैभन्दा कम ५.८९ प्रतिशत राजस्व सङ्कलन भएको छ। असार महिनामा मात्र कुल राजस्वको १२.८९ प्रतिशत सङ्कलन भएको छ। अघिल्लो आर्थिक वर्षमा असार महिनाको हिस्सा १३.८८ प्रतिशत रहेको थियो।

३६. उक्त आर्थिक वर्षमा कर राजस्वतर्फको सङ्कलन लक्ष्यको ८४.७४ प्रतिशत र गैरकर राजस्व सङ्कलन लक्ष्यको ७६.४४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा उक्त सङ्कलन क्रमशः ८१.७६ प्रतिशत र ९६.१६ प्रतिशत रहेको थियो।


तालिका (७) : राजस्व लक्ष्य र असुलीको विवरण (रू. करोडमा)

शीर्षक	आर्थिक वर्ष २०८१/८२			आर्थिक वर्ष २०८२/८३		
	वार्षिक लक्ष्य	असुली	असुली प्रतिशत	वार्षिक लक्ष्य	असुली	असुली प्रतिशत
भन्सार महशुल	३०७३६.२३	२३०९०.५९	७५.१२	३०५५७.०५	२४०७५.८७	७८.७९
मूल्य अभिवृद्धि कर	३८६५२.००	३४१९३.२५	८८.४६	३९४५९.५२	३७३७९.०२	९४.७३
उत्पादन, विक्री, सेवा	१६४३६.६६	१४६८६.५९	८९.३५	१७२७९.८९	१५२९९.६५	८८.५४
पैठारी	२२२१५.३४	१९५०६.६६	८७.८१	२२१७९.६३	२२०७९.३७	९९.५५
अन्तःशुल्क	१९४९६.१६	१७५१६.४७	८९.८५	२१३१५.७७	१९१६६.५१	८९.९२
आन्तरिक उत्पादन	१४१८०.५८	१२८७२.६२	९०.७८	१५२२७.१२	१४२१७.९०	९३.३७
पैठारी	५३१५.५८	४६४३.८५	८७.३६	६०८८.६५	४९४८.६१	८१.२८
शिक्षा सेवा शुल्क	४६५.७६	४०५.९०	८७.१५	५२३.१३	६२८.५७	१२०.१६
आयकर	३९०७०.८१	२९७८१.३३	७६.२२	४०७०२.९२	३०८५८.२५	७५.८१
आयकर	३४०६२.३०	२६७६०.१५	७८.५६	३५५४४.८८	२८२४८.०८	७९.४७
ब्याज कर	५००८.५१	३०२१.१८	६०.३२	५१५८.०५	२६१०.१७	५०.६०
कर राजस्व	१२८४२०.९६	१०४९९१.६०	८१.७६	१३२५५८.३९	११२३२८.६४	८४.७४
गैरकर राजस्व	१३५०९.३४	१२९८९.९३	९६.१६	१५४४१.६१	११८०२.८७	७६.४४
कुल राजस्व	१४१९३०.३०	११७९८१.५२	८३.१३	१४८०००.००	१२४१३१.५१	८३.८७
अन्य प्राप्ति	०.००	१७३८.५०	-	०.००	८०५.६१	-
राजस्व र प्राप्ति	१४१९३०.३०	११९७२०.०२	८४.३५	१४८०००.००	१२४९३७.१२	८४.४२


स्रोतः राजस्व व्यवस्थापन सूचना प्रणाली, महालेखा नियन्त्रक कार्यालय, २०८३

३७. कुल राजस्व परिचालनमा सवैभन्दा बढी योगदान मूल्य अभिवृद्धि करको रहेको छ। त्यसपछि यस्तो योगदान क्रमशः आयकर, भन्सार महशुल, अन्तःशुल्क र गैरकर राजस्वको रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा कुल राजस्वमा यी शीर्षकको हिस्सा क्रमशः ३०.१ प्रतिशत, २४.९ प्रतिशत, १९.४ प्रतिशत, १५.४ प्रतिशत र ९.५ प्रतिशत रहेको छ।

चार्ट (१८) : विगत दुई आर्थिक वर्षको राजस्व परिचालनको संरचना (कुल राजस्वको प्रतिशत)



आ.व. २०८१/८२



आ.व. २०८२/८३

करको दायरा विस्तार

३८. स्थायी लेखा नम्बर लिएका (दर्ता कायम रहेका) करदाताको सङ्ख्या २०८३ असार मसान्तमा २०८२ असार मसान्तको तुलनामा १३.० प्रतिशतले वृद्धि भई ७९ लाख १० हजार ८ सय ६४ पुगेको छ। आर्थिक वर्ष २०८२/८३ मा खुद ९ लाख ११ हजार ५ सय १४ स्थायी लेखा नम्बर थप भएका छन्। कुल स्थायी लेखा नम्बरमध्ये व्यक्तिगत, व्यावसायिक र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बरको हिस्सा क्रमशः ७२.० प्रतिशत, २७.५ प्रतिशत र ०.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो सङ्ख्या १०.४ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा विस्तार तीव्र भएको छ। थप भएका स्थायी लेखा नम्बरमध्ये ८७.१ प्रतिशत व्यक्तिगत स्थायी लेखा नम्बर रहेका छन्।

३९. २०८३ असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता कायम रहेका करदाताको सङ्ख्या ७.५ प्रतिशतले वृद्धि भई ३ लाख ७८ हजार २ सय ६८ र अन्तःशुल्कमा दर्ता कायम रहेका करदाताको सङ्ख्या ६.१ प्रतिशतले वृद्धि भई १ लाख ३२ हजार ६ सय ७२ पुगेको छ। २०८२ असार मसान्तमा यस्तो सङ्ख्या क्रमशः ३ लाख ५१ हजार ७ सय ३५ र १ लाख २४ हजार ९ सय ९७ रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा अन्तःशुल्कमा दर्ता कायम करदाता सङ्ख्या सामान्य रूपमा घटेकोमा समीक्षा वर्षमा उल्लेख्य वृद्धि भएको छ।

तालिका (८) : व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

दर्ताको प्रकार	२०८१ असार	२०८२ असार	२०८३ असार	आ.व. २०८२/८३ मा खुद थप	हिस्सा % (२०८३ असार)
व्यावसायिक स्थायी लेखा नम्बर	१९९२५४४	२०६०७५८	२१७४९९२	११४२३४	२७.५
व्यक्तिगत स्थायी लेखा नम्बर	४२६७३९५	४९०२७२२	५६९६७०८	७९३९८६	७२.०
करकट्टी गर्ने निकायले लिएको	८०४३०	३५८७०	३९१६४	३२९४	०.५
जम्मा स्थायी लेखा नम्बर	**६३४०३६९**	**६९९९३५०**	**७९१०८६४**	**९११५१४**	**१००.०**
मूल्य अभिवृद्धि कर	३३४९८३	३५१७३५	३७८२६८	२६५३३	
अन्तःशुल्क	१२५,०८१	१२४,९९७	१३२,६७२	७,६७५	

स्रोतः आन्तरिक राजस्व विभाग, २०८३

अन्तर्राष्ट्रिय विकास सहायता परिचालन

४०. आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारले अनुदानतर्फ रू. ३२ अर्ब ८४ करोड र ऋणतर्फ रू. १ खर्ब १६ अर्ब ४४ करोड गरी जम्मा रू. १ खर्ब ४९ अर्ब २८ करोड वैदेशिक सहायता प्राप्त गरेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको २.३ प्रतिशत (अनुदान ०.५० प्रतिशत र ऋण १.७६ प्रतिशत) हो। अघिल्लो आर्थिक वर्षको संशोधित अङ्कको तुलनामा अनुदान १०.७ प्रतिशतले बढेको भए पनि ऋण ८.३ प्रतिशतले घट्दा कुल वैदेशिक सहायता प्राप्ति ४.७ प्रतिशतले कम भएको हो।

४१. कुल वैदेशिक सहायतामा अनुदान र ऋणको हिस्सा क्रमशः २२.० प्रतिशत र ७८.० प्रतिशत रहेको छ; आर्थिक वर्ष २०८१/८२ मा उक्त हिस्सा क्रमशः १८.९ प्रतिशत र ८१.१ प्रतिशत रहेको थियो।

४२. वैदेशिक सहायता प्रतिबद्धता घटेको छ। आर्थिक वर्ष २०८२/८३ मा वैदेशिक सहायता प्रतिबद्धता अघिल्लो आर्थिक वर्षको लगानी प्रतिवद्धता रू. २ खर्ब ७३ अर्ब ५ करोडको तुलनामा ४०.९ प्रतिशतले कमी आई रू. १ खर्ब ६१ अर्ब ४६ करोड रहेको छ। कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये बहुपक्षीय साझेदारको हिस्सा ६३.६ प्रतिशत र द्विपक्षीय साझेदारको हिस्सा ३६.४ प्रतिशत रहेको छ।

तालिका (९) : पछिल्लो ५ वर्षको अन्तर्राष्ट्रिय विकास सहायता प्राप्तिको स्थिति (रू. करोड)


विवरण	आर्थिक वर्ष					प्रतिशत परिवर्तन	
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
अनुदान	२४१५	२३०१	२४०१	२९६५	३२८४	२३.५	१०.७
ऋण	१३५९४	१२३०५	११३२७	१२६९५	११६४४	१२.१	-८.३
जम्मा	**१६००९**	**१४६०६**	**१३७२८**	**१५६६०**	**१४९२८**	**१४.१**	**-४.७**

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३

सार्वजनिक ऋण

४३. पछिल्ला वर्षहरुमा सरकारको सार्वजनिक ऋण दायित्व क्रमशः बढ्दै गएको छ। भूकम्प पछिको पुनःनिर्माण, संघीयताको कार्यान्वयन, कोभिड-१९ महामारी लगायतका कारण खर्च आवश्यकता बढेको तर अपेक्षितस्तरमा राजस्वको परिचालन हुन नसकेकाले तिर्न बाँकी सार्वजनिक ऋणको परिमाणमा निरन्तर वृद्धि हुँदै गई २०८३ असार मसान्तमा रु. २९ खर्ब ८१ अर्ब ७० करोड पुगेको छ। आर्थिक वर्ष २०८२/८३ को सुरुमा यस्तो ऋण रु. २६ खर्ब ७४ अर्ब ५ करोड रहेकोमा वर्षभरिमा रु. ३ खर्ब ७ अर्ब ६६ करोड (११.५१ प्रतिशत) ले वृद्धि भएको छ। कुल ऋण वृद्धिमा विनिमय घाटाको अंश ५५.५१ प्रतिशत रहेको छ।

चार्ट (१३) विगत दश आर्थिक वर्षको सार्वजनिक ऋणको प्रवृत्ति (रु करोडमा)



स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३

४४. आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनको २४.०७ प्रतिशत रहेको कुल तिर्न बाँकी सार्वजनिक ऋण आर्थिक वर्ष २०७३/७४ मा २२.६७ प्रतिशतमा झरे तापनि तत्पश्चात्का आर्थिक वर्षमा वृद्धि हुँदै गएको छ। २०८३ असार मसान्तमा यस्तो अनुपात ४५.१८ प्रतिशत पुगेको छ, जुन पछिल्लो एक दशककै उच्च हो।

४५. २०८३ असार मसान्तको कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४६.१३ प्रतिशत र ५३.८७ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा यस्तो अनुपात क्रमशः ४७.४३ प्रतिशत र ५२.५७ प्रतिशत रहेको थियो। नेपाली रुपैयाँ अवमूल्यन भएकाले वर्षभरि विनिमय दर नोक्सानी रु. १ खर्ब ६५ अर्ब रहँदा कुल ऋणमा बाह्य ऋणको हिस्सा थप बढेको हो।

४६. आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारले कुल रु. ४ खर्ब ७४ अर्ब ५५ करोड सार्वजनिक ऋण परिचालन गरेको छ, जुन रु. ५ खर्ब ९५ अर्ब ६६ करोडको वार्षिक लक्ष्यको ७९.६७ प्रतिशत हो। यसमध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमशः ७५.४६ प्रतिशत र २४.५४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल रु. ४ खर्ब ५६ अर्ब २ करोड सार्वजनिक ऋण परिचालन भएको थियो। उक्त आर्थिक वर्षमा खुद ऋण परिचालन रु. १ खर्ब ६२ अर्ब १४ करोड रहेको छ।

४७. आर्थिक वर्ष २०८२/८३ मा सरकारको ऋण सेवा खर्च (साँवा तथा व्याज भुक्तानी) ६.९७ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ८६ अर्ब ८४ करोड पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ५.८६ प्रतिशत हो। अघिल्लो आर्थिक वर्षमा यस्तो खर्च रु. ३ खर्ब ६१ अर्ब ६५ करोड (५.८३ प्रतिशत) रहेको थियो। ऋण सेवा खर्च कुल संघीय खर्चको २४.७७ प्रतिशत बराबर रहेको छ।

४८. आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. २ खर्ब ५० अर्ब ५६ करोड र बाह्य ऋणतर्फ रु. ६१ अर्ब ८४ करोड गरी जम्मा रु. ३ खर्ब १२ अर्ब ४० करोड साँवा भुक्तानी गरेको छ। उक्त वर्षमा आन्तरिक ऋणतर्फ रु. ६१ अर्ब ३८ करोड र बाह्य ऋणतर्फ रु. १३ अर्ब ६ करोड गरी जम्मा रु. ७४ अर्ब ४३ करोड ब्याज भुक्तानी भएको छ। ऋण सेवाका लागि विनियोजित रु. ४ खर्ब ११ अर्ब १ करोड बजेटको ९४.१२ प्रतिशत खर्च भएको छ।

तालिका (१०): पछिल्लो ५ वर्षको सार्वजनिक ऋण परिचालनको स्थिति (रू. करोडमा)

विवरण	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३#
आन्तरिक ऋण परिचालन	२२७७३.०७	२४८७३.८३	२३४४२.१४	३२९०७.६३	३५८१०.७२
कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा	४.५८	४.६३	४.०७	५.३१	५.४३
वैदेशिक ऋण परिचाल	१३५९४.२१	१२३०४.७६	११३२७.१४	१२६९४.७६	११६४३.९६
कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा	२.७३	२.२९	१.९७	२.०५	१.७६
कुल सार्वजनिक ऋण परिचालन	३६३६७.२८	३७१७८.५९	३४७६९.२८	४५६०२.३९	४७४५४.६८
कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा	७.३१	६.९३	६.०४	७.३६	७.१९
ऋण सेवा खर्च	१२१९७.९६	२२२६०.५७	३०५३७.७३	३६१६४.७२	३८६८३.७९
साँवा फिर्ता खर्च	७६७५.३७	१४९७१.२७	२२३२७.९५	२९११९.८५	३१२४०.३४
व्याज खर्च	४५२२.५९	७२८९.३१	८२०९.७८	७०४४.८७	७४४३.४५
कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा (ऋणसेवा)	२.४५	४.१५	५.३०	५.८३	५.८६

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३

४९. पछिल्लो समय सार्वजिनक ऋण व्यवस्थापन प्रभावकारी बनाउन ऋण रकमलाई पुँजी निर्माणसँग आबद्ध गरी आय, रोजगारी र उत्पादन अभिवृद्धि गर्न परियोजना आधारित ऋण लिने, छोटो अवधिका ऋण घटाउने जस्ता ऋण व्यवस्थापन सुधार कार्यमा जोड दिइएको छ।

बाह्य क्षेत्र

५०. पछिल्लो दशकमा विप्रेषण ३.४ गुणा बढेर कुल गार्हस्थ्य उत्पादनको ३५.८ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को अन्त्यमा १२.५ प्रतिशतसम्म घाटामा रहेको चालु खाता २०८२/८३ को सोहि अवधिमा १४.० प्रतिशतको बचतमा र विदेशी विनिमय सञ्चिति ९.५ अर्बबाट २५.३ अर्ब अमेरिकी डलरमा पुगेको छ। उक्त अवधिमा व्यापार घाटा भने रु.९ खर्ब १७ अर्बबाट रु.१७ खर्ब ८१ अर्ब पुगेको छ। २०८३ भदौको भोटेकोशी बाढीले चीनसँगको स्थलमार्ग व्यापार र विद्युत निर्यात अवरुद्ध गर्ने, पर्यटन आय घटाउने र पुनर्निर्माणको आयात बढाउने भएकाले प्रारम्भिक प्रक्षेपणमा चालु वर्ष आयात र विप्रेषण बढ्ने, व्यापार घाटा बढ्ने, चालु खाता बचत साँघुरिने र विदेशी विनिमय सञ्चिति समेत साँघुरिन सक्ने देखिन्छ।

५१. आर्थिक वर्ष २०८२/८३ मा बाह्य क्षेत्रका सूचकहरु सुधारात्मक छन्। वस्तु निर्यात तथा विप्रेषण आयमा भएको उल्लेख्य वृद्धिका कारण चालु खाता र शोधनान्तर स्थिति हालसम्मकै उच्च बचतमा रहेका छन्। विदेशी मुद्रा सञ्चिति उल्लेख्य बढेको छ। यस अवधिमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वस्तु निर्यात र वस्तु आयात बढेको तथा वस्तु व्यापार घाटा समेत बढेको छ।

तालिका (११): बाह्य क्षेत्रका परिसूचकहरू (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)

परिसूचकहरू	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
निर्यात	२०००३.१०	१५७१४.०७	१५२३८.०६	२७७०३.०२	३१५२९.०५
आयात	१९२०४४.८४	१६११७३.१८	१५९२९८.५५	१८०४१२.२७	२०९६३७.९१
कुल व्यापार	२१२०४७.९३	१७६८८७.२५	१७४५३६.६१	२०८११५.२९	२४११६६.९५
व्यापार सन्तुलन	-१७२०४१.७४	-१४५४५९.११	-१४४०६०.४९	-१५२७०९.२५	-१७८१०८.८६
निर्यात आयात अनुपात (%)	१०.४	९.७	९.६	१५.४	१५.०
कुल वस्तु व्यापारमा निर्यातको अंश (%)	९.४	८.९	८.७	१३.३	१३.१
कुल वस्तु व्यापारमा आयातको अंश (%)	९०.६	९१.१	९१.३	८६.७	८६.९
खुद सेवा आय	-१०८११.७०	-७९८८.६०	-५६२१.५०	-९०३०.२०	-७३६०.००
खुद वस्तु तथा सेवा निर्यात	-१८२८५३.४४	-१५३४४७.७१	-१४९६८१.९९	-१६१७३९.४५	-१८५४६८.८६
शोधनान्तर स्थिति	-२५२३६.२८	२८५८२.३२	५०२४९.११	५९४५३.९४	१०२७०४.२८
चालु खाता सन्तुलन	-६२३३७.६५	-४५९१.८२	२२१३४.९८	४०९८३.६०	९२३५५.९३
विप्रेषण आप्रवाह	१००७३०.६९	१२४०६८.६४	१४४५३१.५१	१७२३२७.०१	२३६३१२.९९
विदेशी विनिमय सञ्चिति	१२१५८०.२२	१५३९३६.२४	२०४११०.२७	२६७७६८.३७	३८९७६७.०४
खुद वैदेशिक लगानी	१८५६.००	६१७.१०	८४०.१०	७३०.५०	२२४०.००
भ्रमण आय	३२४४.७०	६१४८.००	८२३२.७०	८८६६.१०	९००५.००
भ्रमण खर्च	९७३२.३०	१४४४७.९०	१८९४३.४०	२२३७१.८०	२०९१०.००

स्रोतः भन्सार विभाग/नेपाल राष्ट्र बैंक, २०८३।

५२. आर्थिक वर्ष २०८१/८१ मा कुल वस्तु व्यापारमा वस्तु निर्यातको अंश १३.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा १३.१ प्रतिशत रहेको छ।

वस्तु निर्यात

५३. आर्थिक वर्ष २०८१/८२ मा ८१.८ प्रतिशतले वृद्धि भएको वस्तु निर्यात आर्थिक वर्ष २०८२/८३ मा १३.८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १५ अर्ब २९ करोड पुगेको छ। यस अवधिमा भारततर्फको निर्यात १५.१ प्रतिशत र अन्य देशतर्फको निर्यात १०.१ प्रतिशतले बढेको छ भने चीनतर्फको निर्यात २८.० प्रतिशतले घटेको छ।

५४. आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु निर्यातमा भारततर्फको निर्यातको हिस्सा ८२.० प्रतिशत पुगेको छ, जुन आर्थिक वर्ष २०८१/८२ मा ८१.१ प्रतिशत रहेको थियो। चीनतर्फको हिस्सा ०.६ प्रतिशत र अन्य मुलुकतर्फको हिस्सा १७.४ प्रतिशत रहेको छ। अन्य मुलुकमध्ये अमेरिकातर्फ ६.६, जर्मनीतर्फ १.६ र बेलायततर्फ १.० प्रतिशत निर्यात रहेको छ।

तालिका (१२): देशगत रुपमा निर्यातको संरचना (कुल निर्यातको प्रतिशतमा)

देश	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
भारत	७७.६	६७.९	६७.७	८१.१	८२.०
चीन	०.४	१.१	१.७	०.९	०.६
अमेरिका	९.०	१२.५	११.४	६.६	६.६
जर्मनी	२.१	२.८	२.९	१.६	१.६
बेलायत	१.६	२.१	२.०	१.१	१.०
अन्य	९.३	१३.६	१४.३	८.७	८.२
कुल	**१००**	**१००**	**१००**	**१००**	**१००**

स्रोतः भन्सार विभाग, २०८३।

५५. आर्थिक वर्ष २०८२/८३ मा निर्यात भएका प्रमुख दश वस्तुको कुल निर्यातमा अंश ६६.३ प्रतिशत रहेको छ अघिल्लो वर्ष उक्त हिस्सा ६५.८ प्रतिशत रहेको थियो। वस्तु निर्यातमा सोयाबिन तेलको हिस्सा सबैभन्दा बढी ४०.८ प्रतिशत रहेको छ। उक्त आर्थिक वर्षमा पाम तेलको निर्यात उच्च दर (२४६.७ प्रतिशत) ले बढेको छ भने चाउचाउ, अलैंची, जुटका सामान, सोयाबिन तेल लगायतका वस्तुको निर्यात बढेको छ। साथै, पार्टिकल बोर्ड, चिया, ऊनी गलैंचा लगायतका वस्तुको निर्यात घटेको छ।

तालिका (१३): निर्यात भएका प्रमुख दश वस्तुहरू (रु.करोडमा)

वस्तु	२०८१/८२	२०८२/८३	कुल निर्यातको हिस्सा	प्रतिशत परिवर्तन
सोयाबिन तेल	१०६७९.१०	१२८७४.४०	४०.८	२०.६
पोलिस्टर धागो र यार्न	१३५८.००	१५०७.४०	४.८	११.०
अलैंची	७६७.४०	१२६३.७०	४.०	६४.७
ऊनी गलैंचा	१०७७.३०	१०३८.२०	३.३	-३.६

वस्तु	२०८१/८२	२०८२/८३	कुल निर्यातको हिस्सा	प्रतिशत परिवर्तन
जुटका सामान	८२२.३०	१००१.००	३.२	२१.७
पाम तेल	२४१.४०	८३७.२०	२.७	२४६.८
फलफुलको जुस	७७०.४०	७६४.८०	२.४	-०.७
तयारी कपडा	५८१.००	६५४.२०	२.१	१२.६
पार्टिकल बोर्ड	७१०.००	५७६.४०	१.८	-१८.८
चाउचाउ	२३७.७०	४००.६०	१.३	६८.५
अन्य	१०४५८.४०	१०६११.१०	३३.७	१.५
कुल निर्यात	२७७०३.००	३१५२९.००	१००	१३.८

स्रोतः भन्सार विभाग, २०८३

वस्तु आयात

५६. आर्थिक वर्ष २०८१/८२ मा १३.३ प्रतिशतले बढेको वस्तु आयात आर्थिक वर्ष २०८२/८३ मा १६.२ प्रतिशतले बढेर रु.२० खर्ब ९६ अर्ब ३८ करोड पुगेको छ। यस अवधिमा भारत, चीन र अन्य देशबाट भएको वस्तु आयात क्रमशः १३.० प्रतिशत, २४.७ प्रतिशत र १७.५ प्रतिशतले बढेको छ।

५७. आर्थिक वर्ष २०८२/८३ मा कुल आयातमा भारत, चीन र अन्य देशबाट भएको आयातको अंश क्रमशः ५७.७ प्रतिशत, २०.३ प्रतिशत र २२.० प्रतिशत रहेको छ। कुल आयातमा पेट्रोलियम पदार्थको अंश १६.७ प्रतिशत र प्रमुख दश वस्तुको अंश ४७.२ प्रतिशत रहेको छ जुन अंश अघिल्लो आर्थिक वर्ष क्रमशः १६.० र ४५.८ प्रतिशत रहेको थियो।

५८. उक्त आर्थिक वर्षमा चाँदी आयात ३६६.१ प्रतिशतको उल्लेख्य दरमा बढेको छ भने रासायनिक मल ६०.३ प्रतिशत, सुन ४६.२ प्रतिशत, दूरसञ्चार उपकरण ३४.८ प्रतिशत, यातायात उपकरण, सवारी साधन तथा पार्टपुर्जा २५.८ प्रतिशत र पेट्रोलियम पदार्थको आयात २१.६ प्रतिशतको उच्च दरले बढेको छ। अमेरिका-इरान युद्धको कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढ्दा आयात परिमाणमा कमी आएतापनि मूल्यमा वृद्धि भएको हो। यस वर्ष खाने तेल, हट रोल्ड सिट, धान/चामल लगायतका वस्तुको आयात घटेको छ।

तालिका (१४): आयात भएका प्रमुख दश वस्तुहरू (रु.करोडमा)

वस्तु	२०८१/८२	२०८२/८३	कुल व्यापारमा हिस्सा (२०८२/८३)	वृद्धिदर
पेट्रोलियम पदार्थ	२८७७८.८०	३४९८४.००	१६.६९	२१.६
कच्चा सोयाबिन तेल	१०८००.२०	१२२२२.४०	५.८३	१३.२

वस्तु	२०८१/८२	२०८२/८३	कुल व्यापारमा हिस्सा (२०८२/८३)	वृद्धिदर
यातायात उपकरण, सवारी साधन तथा पार्टपुर्जा	९६२२.४०	१२१०४.३०	५.७७	२५.८
अन्य मेशिनरी तथा पार्टस्	८२२८.४०	१००७७.९०	४.८१	२२.५
दूरसञ्चार उपकरण तथा पार्टस्	४३५७.६०	५८७५.००	२.८०	३४.८
फलामजन्य वस्तु	४८७६.६०	५८५२.३०	२.७९	२०
रासायनिक मल	३११९.७०	४९९९.८०	२.३८	६०.३
औषधी	४६३५.५०	४७४४.२०	२.२६	२.३
तयारी कपडा	३८८६.००	४१७१.८०	१.९९	७.४
धान/चामल	३९८१.८०	३९६६.१०	१.८९	-०.४
अन्य	९८१२५.००	११०६४०.१०	५२.७८	१२.८
जम्मा आयात	१८०४१२.००	२०९६३७.९०	१००.००	१६.२

स्रोतः भन्सार विभाग, २०८३

वस्तु व्यापार सन्तुलन


५९. आर्थिक वर्ष २०८२/८३ मा वस्तु व्यापार घाटा १६.६ प्रतिशतले बढेर रु.१७ खर्ब ८१ अर्ब ९ करोड पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो घाटा ६.० प्रतिशतले बढेको थियो।

६०. आर्थिक वर्ष २०८२/८३ मा भारततर्फको व्यापार घाटा १२.४ प्रतिशत, चीनतर्फको २५.१ प्रतिशत र अन्य देशसँगको व्यापार घाटा १८.६ प्रतिशतले बढेको छ।

निर्यात आयात अनुपात

६१. वस्तु निर्यातको तुलनामा वस्तु आयात उच्च रहँदै आएको छ। तथापि पछिल्ला वर्षहरुमा निर्यात आयात अनुपात सुधारोन्मुख छ।

तालिका (१४): पछिल्लो पाँच आर्थिक वर्षको निर्यात-आयात अनुपात



स्रोतः भन्सार विभाग।

६२. आर्थिक वर्ष २०७८/७९ मा निर्यात-आयात अनुपात १०.४ रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा १५.० पुगेको छ। निर्यातयोग्य वस्तुको विविधिकरण गरी निर्यातलाई दिगो बनाउन सके यसबाट वस्तु व्यापार घाटा समेत सुधार गर्न सकिन्छ।

वस्तु निर्यात र आयातको मासिक विवरण

